प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङ

कोशी प्रदेश, विराटनगर, नेपाल

प.स. ०८०/८१

च.नं ६९

मिति २०८०।०६।०४

विषय : प्रस्ताव आव्हान सम्बन्धी सूचना पठाइएको सम्बन्धमा ।

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, विराटनगर

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
कोशी प्रदेश, विराटनगर

श्री सबै स्थानीय तह (मोरङ्ग जिल्ला)

प्रस्तुत विषयमा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङ्गको आ व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वियनको लागि आव्हान गरिएको सूचना यसै पत्र साथ संलग्न राखि पठाइएको छ। ताहाँ कार्यालयको वेबसाईटमा उक्त सूचना अपलोड तथा सूचना पाटीमा टाँस गरि सम्वन्धित सरोकारवालाहरुलाई सूचित गर्ने कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

.............................

डा.अजय कुमार शाह

वरिष्ठ पशु विकास अधिकृत

वरिष्ठ पशु विकास अधिकृत

ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मोरङ
दर्ता नं 675
दर्ता मिति: ०८०।०६।०९

फोन न. ०२१-४७४३०८/४६५९५८

Email: vhlsmorang@gmail.com

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङ
कोशी प्रदेश, विराटनगर

सूचना नं.: २ / २०८०-०८१ पहिलो पटक प्रकाशित मिति: २०८०।०६।०४

प्रस्ताव आह्वान सम्बन्धी सूचना

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७७, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८ (पहिलो संशोधन २०७८ समेत), र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (पहिलो संशोधन) मापदण्ड २०७९ " बमोजिमका शर्तहरु पालना गर्ने गरी देहायको कार्यक्रममा साझेदारी गर्न मोरङ जिल्लाका ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन अर्थात २०८०।०७।०३ गते भित्र कार्यालय समयमा तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता नहुने र रित नपुगेका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा सूचित गराईन्छ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङको फोन नं. ०२१ ४७५९५८, ४७४३०८ वा अधिकृत श्री नदेलाल यादवको मोबाईल नं. ९८४४२९२३१९ मा सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेवसाईट www.vhlsmorang.gov.np बाट सम्बन्धित ऐन नियमावली र मापदण्ड डाउनलोड गरी कार्यक्रम बारे थप जानकारी लिन सक्नु हुनेछ।

कार्यक्रम विवरण:

| क.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | आयोजनाको अधिकतम साझेदारी रकम रु. | अनुदान प्राप्त गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | माछापालन गर्ने किसानलाई सौर्य बोरिङ्ग जडानमा अनुदान सहयोग | संख्या | ३ | कुल लागतको अधिकतम ७५% वा बढीमा ३।०० लाख प्रति इकाई | तराईमा कम्तिमा ६ कठ्ठा र पहाडमा ५०० वर्गमिटर पोखरी निर्माण गरि मत्स्य पलानमा आवद्ध सहकारी संस्था, उद्यमी / निजि फर्म / कम्पनी, कृषक समुह समिति |
| २ | दुध उत्पादनका आधारमा अनुदान | पटक | २ | प्रति लिटर रु.२/- का दरले कुल रु.२७०००००० प्रोत्साहन अनुदान | दैनिक कम्तिमा ५०० लिटर दुध संकलन गरि रहेको र दुध कारोबार गर्ने सहकारी संस्था दुध संकलन केन्द्र वा डेरी उद्योगहरु |
| ३ | कृषि/पशु सहकारी संस्थाहरुसंगको सहकार्यमा व्यवसायिक पशु पालन कार्यक्रम | संख्या | २ | कुल लागतको अधिकतम ७५% वा बढीमा २०।०० लाख प्रति इकाई | कम्तिमा २५ जना कृषकहरु विगतदेखि पशुपालनमा आवद्ध भएको सहकारी संस्था |
| ४ | मत्स्य नर्सरी निर्माण तथा व्यवस्थापन कार्यक्रम | पटक | २ | कुल लागतको अधिकतम ७५% वा बढीमा ५।०० लाख प्रति इकाई | सहकारी संस्था, व्यवसायीक कृषक समुह समिति, कम्पनी, फर्म, निजी व्यवसायीक उद्यमी |
| ५ | माछा पोखरी क्षेत्र विस्तार | हेक्टर | २ | कुल लागतको अधिकतम ७५% वा बढीमा ५।०० लाख प्रति इकाई | तराईमा कम्तिमा ६ कठ्ठा र पहाडमा ५०० वर्गमिटर नयाँ पोखरी निर्माण गर्न इच्छुक सहकारी संस्था, उद्यमी / निजि फर्म / कम्पनी, कृषक समुह समिति |
| ६ | बाख्राको वृहत्तर पकेट प्याकेज कार्यक्रम (मासुमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत) | संख्या | १ | कुल लागतको अधिकतम ७५% वा बढीमा ३५।०० लाख प्रति इकाई | एक पकेटमा कम्तिमा पचास जना बाख्रा पालन गर्ने कृषकहरु (प्रत्येक कृषक सदस्यहरुले कम्तिमा दश वटा प्रजनन योग्य माउ बाख्राहरु पालन गरेको हुनु पर्ने) आवद्ध हुने |

पशु ... विकास अधिकृत

प्रस्तावको साथ संलग्न गर्नु पर्ने कागजातहरु:

१. रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र।
२. व्यक्तिगत फर्मको हकमा रु. १०० तथा संस्थागत आवेदनको हकमा रु. २०० तिरेको राजश्व रसिद।
३. व्यवसायको संक्षिप्त कार्ययोजना।
४. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।
५. विगत ३ वर्ष भित्र प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणा पत्र।
६. प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्ने प्रतिवद्धता।
७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वमित्व देखिने प्रमाण पत्रको प्रतिलिपि वा लिजको घर जग्गामा कार्यक्रम स्थापना संचालन गर्ने भएमा जग्गाधनी संग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता।
८. स्थानिय तहबाट उपयुक्तता सहितको सिफारिस पत्र।
९. समुह समिति सहकारीको हकमा कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपि।
१०. अन्य प्रमाण पत्रहरु (दुध संकलन र विक्रि अभिलेख / तालिम / शैक्षिक योग्यता/ एकल महिला / सम्मान तथा पुरस्कार आदि ) को प्रतिलिपि।
११. सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम सरकारी निकायमा दर्ता/ नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
१२. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि।
१३. भ्याट/ स्थायी लेखा नम्बर प्राप्त गरेको प्रमाणको प्रतिलिपि।
१४. अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
१५. कुनै कार्वाहीमा नपरेको स्वघोषणा पत्र।
१६. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

प्रस्ताव बुझाउन सक्ने कार्यालयः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङ ।

वरिष्ठ पशु विकास अधिकृत